# लालझाडी राजपत्र

**खण्ड ९ संख्या १० मिति २०८२/१२/१७ गते**

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/१२/११ गते**

## भाग २

## लालझाडी गाउँपालिकाको सूचना

यस लालझाडी गाउँपालिकाको **राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४** बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो कार्यविधि प्रकाशन गरिएको छ;

संवत् २०८२ को कार्यविधि नम्बर १०

**प्रस्तावनाः** लालझाडी गाउँपालिका भित्र अवस्थित विभिन्न पर्यटकीय स्थल, पार्क,नमुना बाटिका तथा सार्वजनिक शौचालयको उचित र प्रभावकारी व्यवस्थापन गरी दिगो रुपमा

स्वच्छ, स्वस्थ्य र आकर्षक वातावरण कायम गर्न, लालझाडीको पर्यटन प्रवर्द्धन गर्न आवश्यक भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(१) वमोजिम लालझाडी गाउँकार्यपालिकाले पारित गरी यो **पर्यटकिय स्थल, पार्क, नमुना बाटिका तथा सार्वजनिक शौचालय व्यवस्थापन कार्यविधि २०८२** बनाई लागू गरिएको छ ।

## परिच्छेद- १

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "पर्यटकिय स्थल, पार्क, नमुना बाटिका तथा सार्वजनिक शौचालय व्यवस्थापन कार्यविधि २०८२" रहेको छ ।

ख) यो कार्यविधि लालझाडी गाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लालझाडी गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले लालझाडी गाउँपालिका सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले लालझाडी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) "अध्यक्ष" भन्नाले लालझाडी गाउँपालिका अध्यक्ष सम्झनु पर्छ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लालझाडी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको काम गर्न तोकिएको अधिकारीलाई सम्झनु पर्छ ।

ङ) “समिति” भन्नाले कार्यविधिको दफा ३.१ (ग) र ३.१ (घ) बमोजिम गठित पर्यटकीय स्थल, पार्क, नमुना बाटिक तथा सार्वजनिक शौचालय संरक्षण तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

च) "सामुदायिक संस्था" भन्नाले मुनाफा रहित उद्देश्यले समुदायको हितको लागि प्रचलित कानुन बमोजिम स्थापित र सहभागितामुलक टोलविकास संस्था, उपभोक्ता समुह, आमा समुह, महिला समुह, क्लवहरु, सहकारी संस्था, गैरसरकारी संस्था आदिलाई सम्झनु पर्छ।

छ) "फर्म" भन्नाले मुनाफा कमाउने उद्देश्यले कानुन बमोजिम दर्ता भएका कम्पनी तथा व्यवसायिक प्रतिष्ठानलाई सम्झनु पर्छ।

## परिच्छेद २

### ३. पर्यटकिय स्थल, पार्क, नमुना बाटिका तथा सार्वजनिक शौचालय सम्वन्धी व्यवस्थापन

३.१ निर्माण तथा व्यवस्थापनमा गाउँपालिकाको मुख्य जिम्मेवारी रहनेः

क) पर्यटकिय स्थल, पार्क तथा नमुना बाटिका तथा सार्वजनिक शौचालयको व्यवस्थापनका लागि आवश्यक पर्ने स्थल, पूर्वाधार, संरचना निर्माण तथा संचालन गर्ने मुख्य जिम्मेवारी लालझाडी गाउँपालिकाको हुनेछ ।

ख) पर्यटकिय स्थल, पार्क तथा नमुना बाटिका तथा सार्वजनिक शौचालयको संरक्षण, प्रवर्द्धन, र दिगो ब्यवस्थापनका लागि गाउँपालिकाले सम्वन्धित वडालाई जिम्मेवारी दिन सक्ने छ ।

ग) पर्यटकिय स्थल, पार्क तथा नमुना बाटिका तथा सार्वजनिक शौचालयको संरक्षण, सम्वर्द्धन तथा ब्यवस्थापनका लागि गाउँपालिकाले पालिका स्तरमा गाउँपालिका अध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको समिति गठन गर्नेछ ।

- गाउँपालिका अध्यक्ष - संयोजक
- गाउँपालिका उपाध्यक्ष - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको १ जना महिला सदस्य - सदस्य
- पर्यटन व्यवसायी, पार्क संरक्षण समिति तथा शौचालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको एक महिला सहित २ जना - सदस्य

- गाउँपालिकाको पूर्वाधार वा वातावरण वा उद्यम विकास शाखा प्रमुख - सदस्य सचिव
  (प्रमुख प्रशासकीय अधिकृतबाट तोकिएको १ जना)
- आमन्त्रित गर्न सकिने — समितिले आवश्यक ठानेमा बैठकमा सम्वन्धित विषयका विज्ञ तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिने छ ।

घ) गाउँपालिका स्तरीय समितिबाट आवश्यकता महसुस भएमा पर्यटकिय स्थल, पार्क तथा नमुना बाटिका तथा सार्वजनिक शौचालयको संरक्षण, सम्वर्द्धन तथा ब्यवस्थापनका लागि वडा स्तरमा वडा अध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको समिति रहने छ ।

- सम्वन्धित वडाको वडा अध्यक्ष - संयोजक
- वडा भित्रसंचालित सामुदायिक विद्यालयका प्राध्यानाध्यापकरु मध्येबाट वडा समितिले मनोनित गरेको उच्चतम तहको प्र अ १ जना - सदस्य
- वडामा रहेका सामुदायिक संस्थाहरुको प्रतिनिधित्व हुने सामुदायिक संस्थाहरुको अध्यक्षहरु मध्येबाट वडा समितिबाट मनोनित १ महिला सहित २ जना - सदस्य
- वडा अध्यक्षले तोकेको वडा समितिको सदस्य १ जना – सदस्य सचिव

**ङ) गाउँपालिका स्तरीय समितिको काम कर्तव्य र अधिकार**

- गाउँपालिकाभित्रका पर्यटकीय स्थलको पहिचान गरी आर्थिक तथा प्राकृतिक स्रोतको उच्चतम प्रयोगको लागि कार्य योजना बनाउने ।
- गाउँपालिकाभित्र पार्कहरु निर्माण गर्ने ठाउँको पहिचान गर्ने ।
- सार्वजनिक शौचालय आवश्यक पर्ने ठाउँको पहिचान गर्ने ।
- पहिचान भएका स्थलहरुमा निर्माण कार्य प्रारम्भका लागि कार्य योजना सहित गाउँकार्यपालिकामा पेश गर्ने ।
- गाउँपालिका भित्र संचालित पर्यटकिय स्थल, पार्क, नमुना बाटिका तथा सार्वजनिक शौचालयहरुलाई सफा हराभरा तथा ब्यवस्थित बनाउने । यस कार्यका लागि समितिले आवश्यकता र औचित्यका आधारमा स्थानीय स्तरमा सामुदायिक संस्थाहरू, ब्यक्ती, फर्मलाई सूचना आह्वान गरी सञ्चालनको प्रबन्ध मिलाउन सक्ने छ ।
- गाउँपालिका क्षेत्र भित्र निर्माण तथा संचालन भएका पर्यटकिय स्थल, पार्क तथा सार्वजनिक शौचालयहरुको व्यवस्थापन सम्वन्धमा आवश्यकता महसुश भएमा वडा स्तरीय समिति लाई जिम्मेवारी दिने ।

- पर्यटकिय स्थल, पार्क तथा नमुना बाटिका तथा सार्वजनिक शौचालयको रेखदेख, सरसफाइ तथा व्यवस्थानको लागि आवश्यक अनुदानको ब्यवस्था गर्न कार्यपालिकामा सिफारिस गर्ने ।
- वडा स्तरीय समितिहरु संग समन्वय गर्ने ।
- वडा स्तरीय समितिलाई सकृय गराइ संरक्षण, संम्वर्द्धन तथा व्यवस्थापनको पूर्ण जिम्मेवारी दिने ।
- आफ्नो विषयसँग सम्वन्धित समसामयिक कार्य गर्ने ।

**च) वडास्तरीय समितिको काम कर्तव्य र अधिकार**

- वडा भित्र निर्माण भई संचालित पर्यटकिय स्थल, पार्क तथा सार्वजनिक शौचालयहरुको संरक्षण, संम्बर्धन तथा व्यवस्थापनको पूर्ण जिम्मेवारी लिने ।
- गाउँपालिका स्तरीय समितिबाट अधिकार प्रत्योजन भएमा वडा भित्र संचालित पर्यटकिय स्थल, पार्क, नमुना बाटिका तथा सार्वजनिक शौचालयहरुलाई सफा हराभरा तथा ब्यवस्थित बनाउने । यस कार्यका लागि समितिले आवश्यकता र औचित्यका आधारमा स्थानीय स्तरमा सामुदायिक संस्थाहरूलाई आह्वान गरी सञ्चालनको प्रबन्ध मिलाउन सक्ने छ ।
- सामुदायिक संस्थालाई आव्हान गर्दा प्रबेश शुल्क तथा सेवा शुल्कको बिवरण सहित प्रस्ताब माग्ने ।

- सेवा शुल्क वा प्रबेश शुल्क उपयुक्त पेश गरेको सामुदायिक संस्थालाई छनौट गरी संरक्षण, सम्बर्धन तथा ब्यबस्थापनको कम्तिमा पनि २ बर्षको लिखित जिम्मेवारी दिन सकिनेछ ।
- सेवा शुल्क तथा प्रबेश शुल्कको कम्तिमा पनि २५ प्रतिशत गाउँपालिकाको राजश्व खातमा जम्मा गर्न लगाउने ।
- नगदी रसिदको स्वीकृती वडा समितिबाट गराउनु पर्ने र वडा समितिले नगदी रसिद यकिन गरी गाउँपालिकामा बुझाउनु पर्ने रकम यकिन गरिदिने ।

**छ) समितिको बैठक सम्वन्धी ब्यबस्था**

- गाउँपालिका स्तरिय समितिको बैठक कम्तिमा ३ महिनाको १ पटक र वडा समितिको बैठक कम्तिमा महिनाको १ पटक समितिका अध्यक्षले तोकेको समय मिति र स्थानमा बस्नेछ ।
- बैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ ।
- बैठकको निणर्यको जानकारी गाउँपालिका समितिले कार्यपालिका समक्ष र वडा समितिले  गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नेछ।
- बैठकको निर्णय सामान्यतया सहमतिमा हुनेछ। सहमति नभएमा बहुमतको आधारमा निर्णय हुनेछ ।

मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

- समितिले आवश्यक परेमा पर्यटनविद, वातावरणविदलाई आमन्त्रण गर्न सक्नेछ।
- बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्ने छ ।
- बैठक सम्वन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।
- समितिका पदेन बाहेक अन्य सदस्यको पदावधी २ बर्षको हुनेछ ।

## परिच्छेद ३

**४. स्थल तोक्न सक्ने**

क) गाउँपालिका स्तरीय समितिको निर्णय/ प्रतिवेदनको आधारमा गाउँकार्यपालिकाले पर्यटकिय स्थल, पार्क तथा नमुना बाटिका तथा सार्वजनिक शौचालयको निर्माण स्थल तोक्न सक्ने छ ।

ख) नेपाल सरकार, प्रदेश सरकार र अन्य निकायका तर्फबाट सहयोग स्वरुप निःशुल्क रुपमा पर्यटकिय स्थल, पार्क तथा नमुना बाटिका तथा सार्वजनिक शौचालयको निर्माण गर्न चाहेमा गाउँपालिका सँगको समन्वयका आधारमा कार्य अगाडि बढाइने छ ।

ग) निर्माण स्थल तोक्दा उपयुक्त पायक पने तथा औचित्यपूर्ण हुनु पर्ने छ।

घ) गाउँपालिका स्वयंले निर्माण गर्ने भएमा गाउँ सभाबाट बजेट विनियोजन गर्नु पर्नेछ।

ङ) संघीय सरकार/प्रदेश सरकार/गाउँपालिकाले निर्माण सम्पन्न गरे पश्चात यसै कार्यविधि बमोजिम गाउँ कार्यपालिकाले संरक्षण, संम्वर्धन तथा व्यवस्थापनको जिम्मेवारी दिनु पर्ने छ।

च) कुनै संघ संस्था तथा निकायबाट निर्माणका लागि सहयोग गर्न, चन्दा दिन वा जग्गा उपलब्ध गराउन चाहेमा कार्यपालिकाको स्वीकृत लिनुपर्ने छ ।

छ) सार्वजनिक स्थल पर्याप्त नभएमा वा निजि जमिनलाई उपयुक्त ठानेमा गाउँपालिकाले जग्गा व्यवस्थापनका लागि आवश्यक पहल गर्न सक्ने छ ।

ज) स्थल वरिपरी प्रचलित कानूनले निषेध गरेका सामग्रीहरु उपभोग र बेचबिखन गर्न पाइने छैन ।

## परिच्छेद ४

### ५. अनुमति सम्वन्धमाः

क) पर्यटकिय स्थल, पार्क तथा नमुना बाटिका तथा सार्वजनिक शौचालयको संरक्षण, सम्वर्धन

तथा व्यवस्थापनका लागि जिम्मा लिएको निकाय व्यक्ति, फर्म, कम्पनी वा सार्वजनिक संस्थाको अनुमति वा रेखदेखका लागि खटिएको ब्यक्तिको अनुमति विना बाह्य ब्यक्ति उक्त क्षेत्रमा प्रवेश गर्न पाइने छैन ।

ख) गाउँपालिका कार्यपालिकाको कार्यालयले निर्धारण गरे बमोजिम बाहेक अन्य थप कुनै प्रवेश एवम् सेवा शुल्क लिन पाइने छैन ।

ग) पर्यटक स्थल भित्र अनावश्यक होहल्ला गर्ने, कानुन विपरित कार्य गर्ने तथा स्थल भित्रको सजिसजावटका सामग्रीहरु तोडफोड गर्न पाइने छैन । कसैले त्यस्तो व्यवहार गरेमा प्रचलित कानुन बमोजिम कारबाहीका लागि गाउँपालिका कार्यपालिकाको कार्यालय वा वडा समितिलाई जानकारी गराउने दायित्व सार्वजनिक संस्था वा व्यक्तिको हुनेछ।

घ) स्थल प्रबेश द्वारमा नै ब्यक्ति प्रबेश हुनु अघि जानकारीका लागि सूचना पाटीमा सर्वसुलभ रुपमा स्थलको परिचय सहित ऐतिहाँसिक पृष्टभूमि तथा नियम कानुन प्रष्ट रुपमा लेखि टाँस्नु पर्नेछ ।

ङ) जग्गादाता चन्दादाता वा संघ संस्थाले निर्माण गरिदिएको खण्डमा दाताको लागत सहितको परिचय खुल्ने अभिलेख स्पष्ट हुने गरी लेखिनेछ ।

## परिच्छेद ५

### ६. संरक्षण, संवर्धन तथा ब्यबस्थापनको जिम्मा दिन सकिने

क) गाउँपालिका बाट निर्मित पर्यटकिय स्थल, पार्क, नमुना बाटिका तथा सार्वजनिक शौचालयहरुमा व्यक्ति, फर्म, कम्पनी, सामुदायिक संस्था वा क्लव हरुबाट प्रतिस्पर्धा गराई समितिको निर्णय अनुसार कम्तिमा पनि २ वर्षको अवधी तोकी संरक्षण, संबर्धन तथा ब्यबस्थापनको करार सम्झौता गरी जिम्मा दिन सकिने छ ।

ख) उपदफा (क) बमोजिमको प्रतिस्पर्धामा कुनै सार्वजनिक/निजी संस्था नआएमा वा उनिहरुबाट प्राप्त प्रस्ताब स्वीकृत नभएमा गाउँपालिकाले निश्चित समय अवधीका लागि करार सम्झौता गरी कुनै ब्यक्तिलाई संरक्षण, संबर्धन तथा ब्यबस्थापन सञ्चालनको जिम्मा दिन सक्नेछ ।

ग) उपदफा (ख) बमोजिम जिम्मेवारी दिदा प्रबेश शुल्क वा सेवा शुल्कका लागि नगदी रसिद गाउँपालिकाले स्वीकृत गरी दिनु पर्ने छ। नगदी रसिदबाट प्राप्त रकमको २५ प्रतिशत नगद रकम गाउँपालिकको राजश्व खातामा जम्मा गर्नु पर्ने छ।

घ) उपदफा (ग) बमोजिम प्राप्त रकमबाट खर्च गर्ने गरी रेखदेख र संरक्षणका लागि हेरालु (माली) तोकी काममा लगाउन सक्नेछ ।

ङ) स्वीकृत नभएको नगदी रसीद प्रयोग गर्न पाईने छैन यदि त्यस्तो गरेको देखिएमा वा भेटिएमा गाउँपालिका स्तरीय समितिको निर्णय अनुसार कारवाहीको प्रक्रिया अगाडी बढाईने छ भने शतप्रतिशत जरिवाना समेत गरिने छ ।

## परिच्छेद ६

### ७. विविध

क) निर्देशन दिन सक्ने - यस कार्य विधिको प्रयोगमा बाधा अड्चन परेमा वा कार्यबिधिले समेटन नसकेका बिषयबस्तुमा निर्णय गर्नु परेमा गाउँपालिका स्तरीय समितिको सिफारिस बमोजिम कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्ने छ।

ख) सम्झौता रद्द हुने - पर्यटकिय स्थल, पार्क, नमुना बाटिका तथा सार्वजनिक शौचालयहरुको संरक्षण, संम्वर्धन तथा व्यवस्थापनका लागि जिम्मा लिएको सार्वजनिक संस्था वा ब्यक्तिको काम कारवाहीमा चित्त नबुझेमा वडा समितिले गाउँपालिका स्तरीय समितिलाई अनुगमनका लागि अनुरोध गर्ने छ। गाउँपालिका स्तरीय अनुगमन समितिको प्रतिबेदनका आधारमा गाउँ कार्यपालिकाको कार्यालयले गाउँपालिका कार्यालय वा वडा कार्यालयले गरेको सम्झौता रद्द गरी अर्को ब्यबस्था गर्नका लागि निर्देशन दिन सक्ने छ। तर सम्झौता रद्द गर्नु अघि मनासिब सफाईको मौका दिनु पर्ने छ ।

खण्ड ९ संख्या १० मिति २०८२/१२/१७ गते

ग) यस कार्यविधि जारी हुँदाका बखत लालझाडी गाउँपालिका भित्र निर्माण भई संचालनमा रहेको पर्यटकिय स्थल, पार्क, नमुना बाटिका तथा सार्वजनिक शौचालयहरुलाई पनि यसै कार्यविधि अनुरुप संरक्षण, संम्वर्धन र व्यवस्थापन गरिने छ।

घ) सेवा शुल्क तथा प्रबेश शुल्कको सम्बन्धमा कार्यविधिमा जे सुकै लेखिए पनि पर्यटकिय स्थल, पार्क, नमुना बाटिका तथा सार्वजनिक शौचालयहरुमा प्राप्त रकम सबै खर्च गर्नु पर्ने भनि वडा समितिको निर्णय सहित वा स्वयं गाउँपालिका स्तरीय समितिले सिफारिस गरेमा कार्यपलिकाले निर्णय गरी बढिमा २५ प्रतिशत रकम छुट दिन सक्ने छ ।

ङ) यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानुन बमोजिम हुने छ ।

आज्ञाले<br>
राज बहादुर सार्की<br>
प्रमुख प्रशासकीय अधिकृत

लालझाडी गाउँपालिका